# स्थानीय राजपत्र

हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (६), संख्या ६, हुप्सेकोट, चैत्र २० गते सोमबार, २०७९ साल

## भाग २

### हुप्सेकोट गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय,

### झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),

### गण्डकी प्रदेश, नेपाल

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## निःशुल्क स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि, २०७९

हुप्सेकोट गाउँपालिका

# निःशुल्क स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावनाः**

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदद्धारा बनाएको ऐन "स्वास्थ्य बीमा ऐन, २०७४" बमोजिम गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकारको संरक्षण गर्न, स्वास्थ्य बीमाद्धारा पूर्व भुक्तानीको माध्यमबाट बीमितको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा स्वास्थ्य सेवा प्रदायकको दक्षता र जवाफदेहीता अभिवृद्धि गरी स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले दिएको उक्त अधिकार प्रयोग गरि हुप्सेकोट गाउँपलिकाले देहायको कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "निःशुल्क स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि" ,२०७९ रहेको छ।

(२) यो कार्यविधि गाउँपलिकाले स्वकृत गरेको मिति देखि लागु हुनेछ ।

२) **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) “ऐन” भन्नाले स्वास्थ्य बीमा ऐन, २०७४ सम्झनु पर्दछ ।

ख) “नीति” भन्नाले राष्ट्रिय स्वास्थ्य बीमा नीति, २०७१ सम्झनु पर्दछ ।

ग) “स्थानीय तह” भन्नाले हुप्सेकोट गाउँपालिका सम्झनु पर्दछ ।

घ) “वडा कार्यालय" भन्नाले यस हुप्सेकोट गाउँपालिकाको वडा कार्यालय सम्झनु पर्दछ ।

ङ) "निर्देशक समिति” भन्नाले यस हुप्सेकोट गाउँकार्यपालिकाद्धारा बनेको निःशुल्क स्वास्थ्य बीमा कार्यविधिको परिच्छेद ३ को दफा (१४) बमोजिमको निर्देशक समिति सम्झनु पर्दछ ।

च) “कार्य समिति” भन्नाले यस हुप्सेकोट गाउँकार्यपालिकाद्धारा बनेको निःशुल्क स्वास्थ्य बीमा कार्यविधिको परिच्छेद ४ को दफा (१७) बमोजिमको कार्य समिति सम्झन् पर्दछ ।

छ) “अध्यक्ष/उपाध्यक्ष” भन्नाले हुप्सेकोट गाउँपालिकाको अध्यक्ष/उपाध्यक्षलाई सम्झनु पर्दछ ।

ज) "कोष” भन्नाले हुप्सेकोट गाउँपालिकाको निःशुल्क स्वास्थ्य बीमा कोष सम्झन पर्दछ ।

## परिच्छेद-२

## निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्ः

क) स्वस्थ्य सेवाका क्षेत्रमा पूर्वभुक्तानी र जोखिम न्यूनीकरणको व्यवस्था गरेर यस हुप्सेकोट गाउँपालिकाका सर्वसाधारणका लागि थप वित्तीय संरक्षण प्रदान गर्ने ।

ख) हुप्सेकोट गाउँपालिकाको वित्तीय साधनको समतामूलक परिचालन गर्ने ।

ग) हुप्सेकोट गाउँपालिकाद्धारा सञ्चालित देउराली प्राथमिक अस्पताललाई निःशुल्क स्वास्थ्य विमा सेवाको लागि पहिलो प्रेषण केन्द्रको रुपमा प्राथमिकता दिने ।

घ) हुप्सेकोट गाउँपालिकाद्धारा विपन्न तथा कम आय आर्जन भएका व्यक्तिहरुलाई उपलब्ध गराउँदै आएको आर्थिक सहयोग उपचार खर्च कम गर्दै शुन्यतामा सिमित गर्ने,

ङ) स्वास्थ्य सेवा प्रवाहका क्रममा सेवाको गुणस्तर, प्रभावकारिता, दक्षता र जवाफदेहितामा सुधार ल्याउने

च) गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधारल्याई सामाजिक स्वास्थ्य बीमाको आधारमा सबैको लागि सहजरुपमा स्वास्थ्य सेवा सुनिश्चित गर्नुका साथै पूर्ण स्वास्थ्य बीमा गाँउपालिका घोषणा गर्ने यस कार्यविधिको प्रमुख उद्देश्य हो ।

**४. निः शुल्क स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुने लक्षित परिवारः**

क) हुप्सेकोट गाउँपालिका भित्र स्थायी बसोबास गर्ने एक घर परिवारको ५ (पाँच) जना सदस्यहरु मात्र समावेश गरिने र परिवारका थप सदस्यहरुको बीमा गर्नु परेमा अवस्था अनुसार सदस्य व्यक्ति स्वयंमले शुल्क वापतको रकम भुक्तानी गर्नु पर्नेछ ।

ख) कुनै पनि सरकारी सेवा सुविधा लिने गरी पद धारण नगरेका परिवार (राष्ट्रसेवक कर्मचारी सबै, जनप्रतिनिधि पदाधिकारी, शिक्षक, का.स.) रहने छ ।

ग) बैदिशिक रोजगारको अवसर नपाएका घर परिवार तर भारतमा ज्याला मजदुरी तथा अन्य कामकाजमा रहेको घरपरिवारलई यो कार्यक्रमा आवद्ध गरिनेछ ।

घ) न्यून आर्थिक आयश्रोत भएका बेरोजगार, विपन्न घरपरिवार तथा मासिक १०,०००/- (अक्षरेपि दश हजार रुपैयाँ मात्र) भन्दा कम आयश्रोत भएका घरपरिवार समावेश गरिनेछ तर कर दाखिलामा आएका सबै प्रकारका व्यवसाय गर्दै आएका घरपरिवारलाई शुल्क लाग्नेछ ।

ङ) पहिलो प्राथमिकतामा लक्षित वर्ग भित्र पर्ने उपचारार्थ बीरामीहरुलाई प्राथमिकता दिइनेछ ।

च) यो कार्यविधि लागु हुनु पूर्व स्वास्थ्य बीमाको सुविधा लिदै आएका हुप्सेकोट गाउँपालिका क्षेत्रमा स्थायी बसोबास गर्दै आएका लक्षित परिवारको नविकरण शुल्क एक पटकका लागि निःशुल्क गरिनेछ ।

ज) स्वास्थ्य स्वयं सेविकाहरुको हकमा ५०% संघिय सरकार र ५०% पालिका स्तरबाट गरि निःशुल्क स्वास्थ्य बीमा गरिनेछ ।

झ) फरक क्षमताका क र ख बाहेक ग र घ को घरपारिवार

**५. परिवारलाई इकाई मानिनेः** १) स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुने प्रयोजनको लागि परिवारलाई इकाई मानिनेछ ।

२) उपदफा (१) बमोजिम स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुने प्रक्रिया सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६. सेवाः** (१) स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत देहायको सुबिधा प्रदान हुनेछ :-

क) योग, पोषण शिक्षा, बानी व्यहोरा सुधार मनो-सामाजिक परामर्श जस्ता प्रवर्द्धनात्मक सेवा,

ख) खोप, परिवार नियोजन, सुरक्षित मातृत्व जस्ता प्रतिकारात्मक सेवा, उकार्यपालि

ग) बहिरङ्ग, भर्ना उपचार, आकास्मिक, शल्यक्रिया, औषधि, स्वास्थ्य सहायता उपकरण जस्ता उपचारात्मक सेवा,

घ) निदानात्मक वा पुनर्स्थापना सम्बन्धी सेवा

ङ) राष्ट्रिय स्वास्थ्य बीमा बोर्डले तोकिए बमोजिमका अन्य सेवा ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिलाई निःशुल्क रुपमा आधारभूत स्वास्थ्य सेवा तथा प्रचलित कानून बमोजिम पाएको कुनै स्वास्थ्य सेवा लिन बाधा पुगेको मानिने छैन ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "आधारभूत स्वास्थ्य सेवा" भन्नाले नेपाल सरकारले तोके बमोजिमको स्वास्थ्य सेवा सम्झनु पर्छ ।

**७. स्वास्थ्य बीमा कार्यक्रममा समावेश नहुने सेवाः** स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत देहायको सेवा समावेश हुने छैन :-

क) तोकिएको मूल्य भन्दा बढी रकममा चस्मा, श्रवणयन्त्र लगायतका स्वास्थ्य सम्बन्धी सहायक यन्त्र ।

ख) प्लास्टिक सर्जरी,

ग) कृत्रिम गर्भाधान सेवा,

घ) राष्ट्रि स्वास्थ्य बीमा बोर्डले तोकिए बमोजिमका अन्य सेवाहरु

**८. स्वास्थ्य बीमा सुबिधाको प्रयोगः** बीमितले यस कार्यविधि बमोजिम प्राप्त गरेको स्वास्थ्य बीमाको सुबिधा आफूले मात्र प्रयोग गर्नु पर्नेछ ।

**९. निःशुल्क स्वास्थ्य बीमा सञ्चालन प्रक्रियाः** गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधारल्याई सामाजिक स्वास्थ्य बीमाको आधारमा सबैको लागि सहजरुपमा स्वास्थ्य सेवा सुनिश्चित गर्नुका साथै पूर्ण स्वास्थ्य बीमा गाँउपालिका घोषणा गर्नका लागि आवश्यक कार्यहरु गरिनेछ ।

**१०. बीमा अभिकर्ताहरुको तालिम/गोष्ठीः** क) गाउँपालिका अन्तरगत रहेका स्वास्थ्य बीमा अभिकर्ताहरुलाई पूर्ण स्वास्थ्य बिमित गाउँपालिका बनाउन आवश्यक्ता अनुसार नियमित तालिम सञ्चालन गरिने ।

**११. बीमा प्रक्रियाः**

क) निःशुल्क स्वास्थ्य बीमा गाउँकार्यपालिकाको निर्णय पश्चात लागू हुनेछ ।

ख) यस हुप्सेकोट गाउँपालिकाको निःशुल्क स्वास्थ्य बीमा कार्य समितिबाट छनौट गरि सिफारिस गरिएका दफा (४) बमोजिमका लक्षित वर्ग घरपरिवारको निःशुल्क स्वास्थ्य बीमा, बीमा अभिकर्ताले गर्नेछन् र यसरी समितिबाट सिफारिस गरिएका घरपरिवारको बीमा शुल्क यस हुप्सेकोट गाउँपालिकाको बीमा कोषले भुक्तानी गर्नेछ ।

ग) दफा (४) बमोजिमका बाहेक घरपरिवारको बीमा शुल्क बिमित व्यक्ति स्वयंले बेहोर्ने छ ।

घ) बिमित सदस्यको उपचारमा स्वास्थ्य बीमा मा सम्झौता भए बमोजिमको हुनेछ र उपचारमा लागेको खर्च बीमा कम्पनिले शर्त बमोजिम सम्बन्धित अस्पताललाई उपलब्ध गराउने छ ।

हुप्सेकोट गाउँपालिका

ङ) दफा (४) बमोजिम सिफारिस भएका लक्षित स्वास्थ्य बीमा लिइ रहेको घरपरिवारको स्वास्थ्य बीमा, निःशुल्क स्वास्थ्य बीमा अभियानकै समयमा नविकरण गर्नुपर्ने भएमा नविकरण वापतको रकम गाउँपालिकाले उपलब्ध गराउने छ ।

**१२. बीमा अभिकर्ताको पारिश्रमिक तथा अन्य सेवा सुविधा सम्बन्धमाः** बीमा अभिकर्ताको पारिश्रमिक तथा अन्य सेवा सुविधा देहाय बमोजिम हुनेछः

क) बीमा गरे वापतको राष्ट्रिय बीमा बोर्डबाट उपलब्ध हुने लाभांश विमा अभिकर्ता / सहयोगीको पारिश्रमिक हुनेछ ।

ख) स्वास्थ्य बीमा गराउन आवश्यक पर्ने सामाग्री (फाराम, स्टेसनरी) बीमा बोर्डले बीमा अभिकर्ताहरुलाई उपलब्ध गराउनेछ ।

**१३. बीमा नविकरणः**

क) निःशुल्क स्वास्थ्य बीमा पहिलो पटकका लागि नविकरण गर्नु परेमा हुप्सेकोट गाउँपालिकाले ५०% र लक्षित घर परिवारले ५०% रकम बेहोर्ने गरी भुक्तानी गर्नु पर्नेछ वा अति विपन्नको हकमा निर्णय वमोजि हुने छ ।

ख) निःशुल्क स्वास्थ्य बीमा दोस्रो पटक नविकरण गा. पा. ले गरिदिने छ । गा. पा. मा श्रोत नभएमा विमित सदस्य स्वयंले १००% रकम भुक्तानी गर्नु पर्नेछ ।

## परिच्छेद-३

## निर्देशक समिति गठन तथा काम कर्तव्य र अधिकार

**१४.निर्देशक समितिको गठनः** १) निःशुल्क स्वास्थ्य बीमा सम्बन्धी काम कारबाही गर्न एक निर्देशक समिति रहने छ ।

२) निर्देशक समितिको गठन देहाय बमोजिम हुने छ :

क) हुप्सेकोट गाउँपालिका अध्यक्ष - अध्यक्ष

ख) हुप्सेकोट गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) वडा अध्यक्ष सबै - सदस्य

घ) हुप्सेकोट गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ङ) कार्यपालिका सदस्य महिला वा दलित महिला - सदस्य

च) प्रशासन शाखा प्रमुख - सदस्य

छ) सामाजिक विकास शाखा संयोजक - सदस्य

ज) सूचना प्रविधि शाखामा कामगर्ने स्थायी कर्मचारी - सदस्य

झ) स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

**१५ . निर्देशक समितिको काम कर्तव्य र अधिकार :** १) यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त निर्देशक समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) निःशुल्क स्वास्थ्य बीमा सम्बन्धी नीति, रणनीति, योजना कार्यक्रम तथा बजेट तर्जुमा तथा स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने ।

ख) सेवाको स्तर निर्धारण गर्ने ।

ग) सेवामा आवद्ध गराए वापतको भुक्तानीको विधि तथा प्रक्रिया निर्धारण गर्ने ।

घ) कोषको व्यवस्थापन, संरक्षण तथा सुरक्षित लगानी नीति तय गर्ने,

ङ) सेवा प्रदायकको काम कारबाहीको अनुगमन, नियमन र मूल्याङ्कन गर्ने, गराउने ।

च) निःशुल्क स्वास्थ्य बीमा निर्देशक समितिले आवश्यकता अनुसार उपसमिति/कार्यदल गठन गर्न सक्ने छ ।

छ) निःशुल्क स्वास्थ्य बीमाको दफा (४) बमोजिमका लक्षित घरपरिवारको पहिचान गरी सिफारिस गरेको कार्य समितिको विवरणलाई निर्देशक समितिको चेकजाँच पश्चात अन्तिम रुप दिई कार्यान्वयनमा लैजाने ।

ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

२) निर्देशक समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार निर्देशक समितिको कुनै सदस्य वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१६. निर्देशक समितिको बैठक र निर्णयः**

१) निर्देशक समितिको बैठक बर्षको चार पटकमा नघट्ने गरी र आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको अनुपस्थितिमा सदस्य सचिवले सदस्यहरुसँग परामर्श गरी समितिको बैठक बोलाउन सक्नेछ ।

३) सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी निर्देशक समितिको बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना बैठक बस्ने मिति भन्दा तीन दिन अगावै सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

४) निर्देशक समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ ।

५) निर्देशक समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा निर्देशक समितिका लागि गणपुरक सङ्ख्या सङ्ख्या मानिनेछ ।

६) निर्देशक समितिमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

७) निर्देशक समितिको बैठकमा निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

८) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४

## कार्य समिति गठन तथा काम, कर्तव्य र अधिकार

**१७. कार्य समितिको गठनः** १) निःशुल्क स्वास्थ्य बीमा सम्बन्धी काम कारबाही तथा लक्षित वर्गहरुलाई सिफारिस गर्न एक कार्य समिति रहनेछ ।

२) कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :

क) सामाजिक विकास समिति संयोजक - अध्यक्ष

ख) हुप्सेकोट सामुदायिक अस्पताल प्रमुख - सदस्य

ग) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख - सदस्य

घ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य

ङ) खानेपानी तथा सरसफाई शाखा प्रमुख - सदस्य

च) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

**१५. कार्य समितिको काम कर्तव्य र अधिकारः** यस कार्यविधिमा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्य समितिको अन्य काम, कर्तव्य र अधिकार बेहाय बमोजिम हुनेछः

क) निःशुल्क स्वास्थ्य बीमा सम्बन्धी नीति, रणनीति, योजना कार्यक्रम कार्यान्वयनमा सहजता गर्ने ।

ख) निःशुल्क स्वास्थ्य बीमाको दफा (४) बमोजिमका लक्षित घरपरिवारको पहिचान निश्पक्ष रुपमा पदिय जिम्मेवारी र नैतिकताका साथ वहन गरी सिफारिस गर्ने ।

ग) निःशुल्क स्वास्थ्य बीमा प्रक्रिया सचेतनामुलक कार्यक्रम गर्ने । सम्बन्धमा

घ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**१६. कार्य समितिको बैठक र निर्णयः** १) कार्य समितिको बैठक महिनाको १ पटकमा नघट्ने गरी र आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको अनुपस्थितिमा सदस्य सचिवले सदस्यहरुसँग परामर्श गरी बोर्डको बैठक बोलाउन सक्नेछ

३) सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी कार्य समितिको बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना बैठक बस्ने मिति भन्दा तीन दिन अगावै सबै सदस्यहरु लाई उपलब्ध गराउनु पर्नेछ ।

४) कार्य समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूहरु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

५) कार्य समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा कार्य समितिका लागि गणपुरक सङ्ख्या मानिनेछ ।

६) कार्य समितिमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

७) कार्य समितिको बैठकमा निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

८) कार्य समितिको बैठक सम्बन्धी अन्य कार्याविधि निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-५

## कोष परिचालन

**१७. कोषको व्यवस्थाः** १) निःशुल्क स्वास्थ्य बीमा कार्यर्याविधिको प्रभावकारी कार्यान्वयनका लागि हुप्सेकोट गाउँपालिकाले आवश्यक कोषको व्यवस्था गर्नेछ ।

२) निःशुल्क स्वास्थ्य बीमा कोषको खाता यस हुप्सेकोट गाउँपालिकामा संचालित कृषि विकास बैंकको ओदानकु शाखामा संचालन हुनेछ ।

३) कोष परिचालन तथा संचालन प्रक्रिया प्रमुख प्रसशाकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतमा हुनेछ ।

## परिच्छेद-६

## स्रोत परिचालन र खर्च

**१८. स्रोत परिचालन सम्बन्धि व्यवस्थाः** १) कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि हुप्सेकोट गाउँपालिकाले आवश्यक श्रोतको व्यवस्थापन गर्नेछ । यसका लागि सार्वजनिक तथा निजि स्रोत परिचालन गर्नुका साथै निःशुल्क स्वास्थ्य बीमा विकास कोष तथा राष्ट्रिय स्वास्थ्य बीमा नीति, २०७१ का साथै अन्तराष्ट्रिय साझेदार संघ संस्थाहरुबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक सहयोगको नीति तथा कार्यक्रम कार्यन्वयनका लागि उपयोग गरिनेछ ।

२) निःशुल्क स्वास्थ्य बीमा विकास कोषमा कार्यन्वयन योजना अवधि सम्म हुप्सेकोट गाउँपालिकाले वार्षिक सम्भार तथा सञ्चालनका रुपमा आवश्यक बजेट विनियोजन गर्नेछ ।

## परिच्छेद ७

## विविध

**१९) कानूनी तथा नियामक व्यवस्थाः** यस कार्यविधिको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आवश्यक कानूनी तथा नियामक व्यवस्था मिलाइनेछ ।

**२०) अनुगमन तथा मूल्याङ्कनः** क) यस कार्यविधिलाई समय तालिका सहितको कार्य योजना बनाई कार्यान्वयन गरीने छ ।

ख) कार्यविधि कार्यान्वयनको अनुगमन गर्न अनुगमन तथा मूल्याङ्क प्रारुप (Monitoring and Evaluation Framework) तयार गरिने छ । साथै यो नीति कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने दायित्व निर्देशक समितिको हुनेछ । ।

ग) निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमको आवधिक समीक्षाको व्यवस्था मिलाइनेछ ।

**२१) पूर्वानुमान तथा जोखिमः** (१) प्रस्तुत कार्यविधि तर्जुमा गर्दा देहाय बमोजिमको पूर्वानुमान गरिएको छ ।

क) प्रारम्भिक चरणमा पूर्वाधार, मानव संशाधन र राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रमको प्रशासनिक खर्चका लागि बजेटको विशेष व्यवस्था हुने ।

ख) सेवा प्रदायकहरुको स्तरीकरण वा सूचीकरण भएको हुँदा सेवाको गुणस्तर सुनिश्चित गर्न सहज हुने ।

(२) प्रस्तुत कार्यविधि तर्जुमा गर्दा देहाय बमोजिमको जोखिम हुन सक्ने अनुमान गरिएको छ ।

क) प्रारम्भिक चरणमा लक्षित वर्गहरु मध्ये उपचारार्थ व्यक्तिहरुलाई सहभागि गराउने उद्धेश्य भएकोले सहभागिता न्यून हुनसक्ने ।

ख) गरिब तथा लक्षित समूहका सदस्य पहिचान गर्न कठीन हुनसक्ने ।

ग) स्थानीय सरकारबाट निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमका लागि बजेट निकासा गर्न ढिलाइ हुनसक्ने ।

घ)बिरामीहरुको चाप सरकारी स्वास्थ्य संस्थाबाट निजी क्षेत्रका स्वास्थ्य संस्थामा सर्नसक्ने ।

**२२) खारेजी तथा बचाउः** (१) यो कार्यविधि जारी हुनुभन्दा अगाडि भएको गरेको व्यवस्था यसै कार्यविधि बमोजिम भएको मानिनेछ । साथै कार्यविधि संघीय एवं प्रादेशिक कानूनसँग बाझिएको हदसम्म अमान्य हुनेछ ।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय हुप्सेकोट गाउँपालिकाको अधिकार प्राप्त निकायले गर्नेछ ।

(३) यो कार्यविधिमा कुनै बाधा अड्काउ परेको खण्डमा हुप्सेकोट गाउँपालिकाको कार्यपालिका बैठकले आवश्यकता र औचित्यताको आधारमा कार्यविधिको व्यख्या, परिमार्जन/संशोधन र खारेजी गर्न सक्नेछ ।

**प्रमाणिकरण मितिः २०७९।१२।१९**

**राजपत्रमा प्रकाशित  मितिः २०७९।१२।२०**

**आज्ञाले,**
**टंकनाथ घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**

हुप्सेकोट गाउँपालिका